नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# सूची दर्ता गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०४/०७)

यस विभागमा आ.व. २०७८/७९ का लागि निम्नानुसारका कार्यहरु गर्न गराउन देहायका योग्यता र आधार पूरा गरेका ईच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले यो सूचना प्रकाशनपश्चात योग्यताका आधार र प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि सहित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को प्रयोजनको लागि सूची दर्ता गर्न यस विभागमा आफूले गर्न चाहेको कार्यको लागि छुट्टाछुट्टै निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । आवेदकलाई मौजुदा सूचीमा समावेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा निहित रहने छ ।

१. कार्यालय मसलन्द सामग्रीहरु आपूर्ति गर्ने कार्य ।
२. स्टेशनरी सामानहरु आपूर्ति गर्ने कार्य ।
३. सफ्टवेयर निर्माण तथा मर्मत (अपग्रेड) सम्बन्धी ।
४. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर, युपिएस, फोटोकपी मेशिन, इलेक्ट्रोनिक्स सामान (क्यामेरा लेन्स, टेलिफोन, इन्टरनेट, प्रोजेक्टर, सोलार प्यानल, पङ्खा, हिटर, एयर कन्डिसन, जेनेरेटर, भ्याकुम क्लीनर) आपूर्ति र मर्मत, सम्भार सम्वन्धी कार्य आदि ।
५. सवारी साधन (गाडी तथा मोटरसाइकल/स्कुटर) को पाटपूर्जा, सर्भिसिङ तथा मर्मत सम्भार कार्य ।
६. फर्निचर तथा फर्निसिङ्गसम्बन्धी सामान आपूर्ति कार्य ।
७. छपाईसम्बन्धी कार्य ।
८. पिउने पानी आपूर्ति सम्वन्धी कार्य ।
९. विज्ञापन एजेन्सी सम्वन्धी कार्य ।
१०. परामर्श सेवा सम्वन्धी ।
११. भवन निर्माण तथा मर्मत सम्भार सम्वन्धी ।
१२. स्वास्थ्य सामाग्रीहरु आपूर्ति गर्ने कार्य ।
१३. अन्य (विविध)

**योग्यताका आधारहरुः**

क) सम्वन्धित कार्य गर्न पाउने इजाजत पत्र वा फर्म दर्ता प्रमाणपत्र र नियमानुसार नवीकरण भएको प्रमाण ।
ख) मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेको प्रमाण ।
ग) पेशागत कसुरमा कुनै सजाय पाए वा नपाएको व्यहोराको लिखित जानकारी ।
घ) आ.व. २०७६/७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

०७८/४/६

वसन्त बहादुर खत्री
शाखा अधिकृत